# दरखास्त आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०९/०५

जिल्ला समन्वय समिति, प्राविधिक सहयोग इकाई, स्याङ्जा, फेदीखोला गाउँपालिका वास इकाई, हरिनास गाउँपालिका वास इकाई, विरुवा गाउँपालिका वास इकाई र गल्याङ नगरपालिका वास इकाइको लागि पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना, दोश्रो चरण कार्यक्रम संचालन गर्न आवस्यक पर्ने निम्न बमोजिमका कर्मचारीहरुको पदपुर्तिका लागि सम्वन्धित गाउपालिका तथा नगरपालिका कार्यपालिकाको कार्यालयमा र प्राविधिक सहयोग ईकाइको हकमा जिल्ला समन्वय समितिको कार्यालयमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको दस्तुर जम्मा गरेको बैङ्क भौचर वा रसिद संलग्न गरी दरखास्त पेश गर्नहुन यो सूचना आव्हान गरिएको छ।

**आवश्यक पद, न्युनतम योग्यता र माग गर्ने कार्यालयहरु :**

| पद | न्युनतम शैक्षिक योग्यता | न्युनतम कार्य अनुभव | माग पद संख्या, माग गरेको कार्यालय र दरखास्त पेश गर्नुपर्ने कार्यालय | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| **वास संयोजक** | स्नातक तह उत्तीर्ण | ग्रामिण विकास कार्यक्रम विशेषतः खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा ५ बर्षको कार्य अनुभव, जसमध्ये न्यूनतम ३ वर्ष वास सम्बन्धी क्रियाकलापमा जिल्लास्तर/समुदायस्तरमा समन्वयकारी र सहजीकरणको भूमिका निर्वाह गरेको हुनुपर्नेछ। | **१ जना** - विरुवा गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा | रु १०००/- |
| **वास सहजकर्ता** | सी.एम.ए./अ.न.मी./अ.हे.व./कुनै विषयमा प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण | स्वास्थ्य सम्बन्धी प्राविधिक शिक्षा प्राप्त भए २ बर्ष र अन्य शैक्षिक योग्यताको हकमा ३ बर्षको सामुदायिक स्वास्थ्य, सरसफाई र सामाजिक परिचालन, वास सहजीकरणका साथ साथै उत्प्रेरक (Triggering) सम्बन्धी ग्रामिण क्षेत्रको कार्य अनुभव भएको हुनु पर्नेछ। | **१ जना**- फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>**१ जना**- हरिनास गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>**१ जना**- गल्याङ नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>(जम्मा माग पद संख्या-३) | रु. ५००/- |
| **खानेपानी तथा सरसफाई प्राविधिक/ असिस्टेन्ट सव ईन्जिनियर** | सिभिल इन्जिनियरिङ मा टी. एसएलसी वा एसएलसी उत्तीर्ण गरि सम्बन्धित विषयमा आधारभूत तालिम प्रमाणपत्र प्राप्त भएको | ग्रामिण खानेपानी तथा सरसफाई योजनाहरुमा २ बर्षको कार्य अनुभव हुनु पर्नेछ। | **१ जना**- फेदीखोला गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>**१ जना**- विरुवा गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>**१ जना**- गल्याङ नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा<br>(जम्मा माग पद संख्या-३) | रु. ५००/- |
| **वास सब-इन्जिनियर** | सिभिल इन्जिनियरिङमा डिप्लोमा वा प्रवीणता प्रमाणपत्र तह | ग्रामिण खानेपानी तथा सरसफाई योजनाहरु सर्भे, डिजाइन र सुपरिवेक्षणको १ वर्षको अनुभव हनु पर्नेछ। | **१ जना**- जिल्ला समन्वय समितिको कार्यालय, प्राविधिक सहयोग ईकाइ, स्याङ्जा | रु. ७००/- |

**द्रष्टव्य:**

- **दरखास्त दाताले दरखास्त साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, प्राप्त र प्रदान गरेका तालिमहरुको प्रमणपत्रको प्रतिलिपि (३ वा सो भन्दा बढी दिने तालिमको मात्र), कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरु।
- यो सूचना प्रकाशित मितिले १५ औं दिन सम्ममा कार्यालय समयभित्र सम्वन्धित कार्यालयमा दरखास्त पेश गरिसक्नुपर्नेछ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा स्वतः त्यसदिनको भोलिपल्ट सम्म म्याद कायम रहनेछ।
- सेवा अवधि अधिकतम १ वर्षको हुनेछ साथै वार्षिक कार्य सम्पादन मूल्याङ्कनको आधारमा सेवा करारको म्याद कार्यक्रम अवधि सम्म थप गर्न सकिनेछ।
- सम्बन्धित गाउँपालिका/नगरपालिका र जिल्ला भित्रका महिला, दलित तथा पिछडावर्गहरुलाइ प्राथमिकता दिईनेछ।
- कर्मचारी छनौट सम्बन्धी आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।
- संक्षिप्त सूचीमा परेका दरखास्त दाताहरुलाई मात्र लिखित तथा अन्तरवार्तामा समावेश गरिनेछ। लिखित तथा अन्तरवार्ताको मिति समय र स्थान सम्वन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
- दरखास्त फाराम सम्वन्धित गाउँपालिका तथा नगरपालिकाका वास ईकाइहरु तथा जिल्ला समन्वय समितिको कार्यालय, प्राविधिक सहयोग ईकाइ बाट प्राप्त हुनेछ।
- दरखास्त आव्हान सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा सम्वन्धित गाउँपालिका तथा नगरपालिका वास ईकाई र जिल्ला समन्वय समितिको कार्यालय, प्राविधिक सहयोग ईकाइमा सम्पर्क गर्न सकिनेछ।